निर्वाचन आयोग
**प्रदेश निर्वाचन कार्यालय**
**१ नं. प्रदेश, विराटनगर**

Email Address :
deo.morang@election.gov.np
electionmorang@yahoo.com
फोन/फ्याक्स: 021-472990

प.सं. ०७९/८०
च.नं. : 322

विराटनगर- १०, तिनटोलिया सोमबारे हाट
मितिः २०७९/११/१९

विषयः मतदाता नामावली अद्यावधिक (दावी विरोध समेत) कार्यक्रम २०७९ सम्बन्धमा ।

**श्री सबै स्थानीय तहहरु,**
**मोरङ जिल्ला।**

अत्यन्त जरुरी

प्रस्तुत विषयमा अन्तिम मतदाता नामावली तयार गर्नका लागि यस जिल्लामा मिति २०७९/११/२२ देखि २०७९/१२/०१ गतेसम्म विभिन्न क्रियाकलापहरु सहित सञ्चालन हुने **मतदाता नामावली अद्यावधिक (दावी विरोध समेत) कार्यक्रम २०७९** सम्बन्धी सूचना यसै पत्रसाथ संलग्न गरी पठाइएको छ । संलग्न सूचना सम्बन्धित स्थानीय तहको कार्यपालिकाको कार्यालयमा टाँस गरिदिने व्यवस्थाका लागि साथै कार्यक्रम सञ्चालनका लागि तपसिल बमोजिमको आवश्यक सहयोग र समन्वयका लागि अनुरोध छ ।

तपसिल

१. कार्यक्रमको सूचना सम्बन्धित स्थानीय तहका सबै वडा कार्यालयहरुमा मिति २०७९/११/२२ गते प्रकाशन गर्ने व्यवस्था मिलाउनु हुन ।

२. यस कार्यालयबाट कार्यक्रमको लागि ताहाँ पालिकाको कार्यालयमा उपलब्ध गराइने वडागत मतदाता नामावली सम्बन्धित स्थानीय तहहरुले सबै वडा कार्यालयहरुमा मिति २०७९/११/२२ गते प्रकाशन गर्ने व्यवस्था मिलाउनु हुन ।

३. प्रकाशित मतदाता नामावलीमा नाम भएका व्यक्तिहरु मध्ये बसाई सरी अन्यत्र गएका, मृत्यू भएका व्यक्तिहरुको विवरण (मतदाता नम्बर समेत अनिवार्य उल्लेख गरी) मिति २०७९/११/२३ देखि २०७९/११/२६ गते भित्र यस कार्यालयको ईमेल ठेगाना deo.morang@election.gov.np मा उपलब्ध गराउने व्यवस्थाका लागि सम्बन्धित स्थानीय तहहरुले मातहतका सबै वडाका स्थानीय पञ्जिकाधिकारीहरुलाई आवश्यक निर्देशन एवं समन्वयको अनिवार्य व्यवस्था मिलाउनु हुन ।

४. यसैसाथ संलग्न कार्यक्रम सम्बन्धी सूचनाको क्र.सं. २, ३, ४ र ५ मा उल्लेखित क्रियाकलापहरु सम्बन्धी निवेदन/सूचना/उजुरी यस कार्यालयमा मात्र दिने व्यवस्था भएकोले सम्बन्धित व्यक्तिले अनुसूची भरी ईमेल मार्फत पठाउन सहयोग मागेमा सम्बन्धित स्थानीय तह/मातहतका कार्यालयहरुले यस कार्यालयको ईमेल deo.morang@election.gov.np मा ईमेल गर्ने व्यवस्था मिलाउनु हुन । सम्बन्धित अनुसूचीहरु यसैसाथ संलग्न राखी पठाइएको छ । साथै त्रुटि सच्याउन र दोहोरो नामावली हटाउनका लागि निर्वाचन आयोगको वेवसाइट **elelction.gov.np** भित्र रहेको **मतदाता नामावली प्रि-रजिष्ट्रेशन र अध्यावधिकमा गई Online** माध्ययम बाट पनि अद्यावधिक गर्ने सकिनेछ र यसरी गर्दा सोझै निर्वाचन कार्यालयमा निवेदन पेश हुने भएकोले **Online** बाट अद्यावधिक गरेकोले ईमेलबाट पठाइराख्नु पर्ने छैन ।

११/१९

लेवन काश्यप अधिकारी
प्रदेश निर्वाचन अधिकारी

प्रदेश निर्वाचन अधिकारी

बोधार्थ

श्री जिल्ला प्रशासन कार्यालय,
मोरङ :- आवश्यक सहयोग र समन्वयका लागि अनुरोध छ ।

श्री सबै स्थानीय तहहरुका सबै वडा कार्यालयहरु, मोरङ :- जानकारीको लागि अनुरोध छ ।